नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-
च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार असार २८ र २९ गतेका दिन देशभरका विभिन्न सीमा नाकाहरूबाट ६,२८६ नेपाली नागरिकहरू नेपाल प्रवेश गरेका छन्। यसैगरी असार २९ गतेका दिन १७४ जना विदेशी नागरिक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र अन्य विभिन्न सीमा नाकाबाट नेपाल प्रवेश गरेका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता, नियम पालना र अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन नियमित अनुगमन भईरहेको छ। देशभर संक्रमितहरूमध्ये असार २८ गतेका दिन ३,०५६ जना सामान्य वेडमा, ६४८ जना आइसियु वेडमा र २४५ जना भेन्टिलेटरमा उपचाररत रहेका छन्। हालसम्म निषेधको आदेश उल्लंघन गर्ने २,०२,१६८ सवारीसाधन र मास्क नलगाई हिंडडुल गर्ने ४,६७,९१८ जनालाई कारवाही गरिएको छ। विगत २४ घण्टामा ४३ सवारीसाधन र मास्क नलगाई हिँडडुल गर्ने ३१२ जनालाई कारवाही गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि ३१,३८,९२१ थान विभिन्न मेडिकल उपकरण पैठारी भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका र अक्सिजनको आपूर्ति सामान्य अवस्थामा रहेको छ। उपत्यकामा ५,२९५ सिलिण्डर र उपत्यका बाहिर ७,०३५ गरी कूल १२,३२० अक्सिजन सिलिण्डरको उत्पादन भइरहेको छ।

२०७८ असार ३०

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np